आज मिति २०२०७५/०६ /१९ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको २४ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीकारीहरुको उपस्थिति रही देहाय बमोजिमका निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख
श्री कमला बस्नेत .......................नगर उप प्रमुख
श्री रामकृष्ण उप्रेती .......................(.प्र. प्र.अ.) सचिव
श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... .वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ............... .वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ..........................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी ......................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,

# २४ औ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

२०७५/०६/१९ गते

१ जेष्ठ नागरिक स्वास्थ्य अनुदान कार्यक्रम सम्बन्धमा

२ विविध

**निर्णय नं. १**: यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक स्वास्थ्य अनुदान शिर्षकमा विनियोजित रकमबाट नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गरेका २०७५ साल असार मसान्तसम्म ७५वर्ष उमेर पूरा गरेका सम्पूर्ण जेष्ठ नागरिकहरुलाई औषधि उपचार खर्च वापत प्रतिब्यक्ति रु १०००। एक हजार मात्र नगदै उपलबध गराउने निर्णय गरियो ।

**विविध** **(क)** विश्वबाल दिवसको उपलक्ष्यमा विजयादशमी तथा दीपावली २०७५को शुभकामना सहित सञ्चालन हुनगईरहेको विद्यालय स्तरीय बक्तृत्वकला प्रतियोगिता तथा साँस्कृतिक कार्यक्रम सञ्चालन गर्न उक्त शीर्षकमा रकम विनियोजन नभएकोले विद्यालय दिवाखाजा कार्यक्रम शीर्षक बाट रकमान्तर गरी रु ३३,०००।(तेत्तिस हजार मात्र)खर्च गर्ने निर्णय गरियो

**(ख)** गिट्टी बालुवा ठेक्का लगाउने प्रकृया भन्दा अघिको समयमा निकालिएको बालुवाको कर संकलन कार्यका लागि खटिएका नगर प्रहरी राजिव विकलाई कोठाभाडा, विहान बेलुका खाना तथा खाजा समेत दैनिक रु ५००। क (पाँचसय)का दरले थप रकम उपलब्ध गराउने निर्णय गरियो ।